"जलश्रोत, पर्यटन र जडिबुटीले समुन्नत विगु गाउँपालिका"

स्थानीय सरकार

# विगु गाउँपालिका

[illegible] | विगु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फोन नं: ०४९-४१०१०९
www.bigumun.gov.np
info@bigumun.gov.np,
bigumun@gmail.com

लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

पत्र संख्याः-२०८२/०८३
च. नं.:-

मितिः- २०८३/०१/०८

## रैथाने बाली प्रवर्धन र विकास कार्यक्रमको लागी (कोदो र फापर) को बिउ माग सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८३/०१/०८

यस विगु गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत पालिकास्तरीय कागुनो गहत फापर लागएत रैथाने बाली प्रबर्धन र विकास कार्यक्रम सञ्चालन गर्न यस गाउँपालिका भित्रका कोदो, फापर खेती गरिरहेका इच्छुक कृषक/कृषि फर्म/कृषक समुह/कृषि सहकारी संस्थाहरुले तपसिलका आवश्यक कागजातसहित सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** (मिति२०८३/०१/२२ गते) कार्यालय समयभित्र यस कार्यालयको कृषि शाखा तथा वडा कार्यालयहरुमा रितपूर्वक निवेदन दर्ता गर्नहुन यो सूचाना प्रकाशित गरिन्छ ।थप जानकारीको लागि ९८६१०५९५२५,९८६६९८०३८६ वा कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

<u>पेस गर्नुपर्ने आवश्यक कागजातहरु:</u>

१. निवेदन एक प्रति ।
२. आवेदकको नागरिकताको फोटोकपी प्रतिलिपी ।
३. कोदो तथा फापर खेती गर्ने/गरिएको जग्गाको लालपूर्जाको प्रतिलिपी ।
४. समूह/सहकारीको हकमा बैठकको निर्याणको प्रतिलिपी।
५. समूह/सहकारी/निजि फर्मको हकमा संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्र र गत आ.व.को लेखापरिक्षण प्रतिवेदन ।

(नोटः- बीउ माग गर्ने कृषकहरुले कम्तिमा ५ रोपनी क्षेत्रफलमा खेती गरिरहेको हुनु पर्नेछ ।)

**बोधार्थ :**

श्री सूचना प्रविधि शाखा सबै वडाहरुमा जानकारी गराउनु हुन ।
श्री सबै वडा कार्यालयहरु सूचना बमोजिम कार्य गर्नुहुन ।

.....................

गणेश बहादुर श्रेष्ठ
नि.प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर श्रेष्ठ
नि. प्रमुख प्रशासकीय अधिकृत

# निवेदनको ढाँचा

मिति २०८३/........../...........

श्री शाखा प्रमुख ज्यू,
विगु गाउँपालिका कृषि तथा पशुन्छी विकास शाखा
लादुक, दोलखा ।

विषयः- रैथानी बाली बीउ उपलब्ध गराई पाउँ ।

प्रस्तुत विषयमा यस दोलखा जिल्ला विगु गाउँपालिका वडा नं..........मा स्थायी बसोबास गर्ने म कृषक...................................ले विगत देखि खेति गर्दै आएको हुदाँ तपसिल बमोजिम माग गरिएको रैथाने बाली बीउ उपलब्ध गराईदिनुहुन विनम्र अनुरोधका साथ यो निवेदन पेश गर्दछु ।मैले माग गरेको बीउ मेरो लागि प्रयोग गर्नेछु ।

तपसिल

| क्रसं. | बाली | परिमाण(के.जी) | कैफियत |
|---|---|---|---|
| १. | कोदो | | |
| २. | फापर | | |

निवेदक
नाम थरः
ठेगानाः
सम्पर्क नं.: